चुलाचुली गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
चुलाचुली, इलाम
१ नं. प्रदेश, नेपाल

पत्र संख्या: ०७७।०७८
च.नं.

**सुचना प्रकाशित मिति – २०७७ माघ २५ गते।**

यस चुलाचुली गाउँपालिका अन्तर्गत गरिबि निवारणका लागि लघु उद्यम विकाश कार्यक्रम अन्तर्गत उद्यमशिलता विकाश तालिम लिएका सम्भावित लघु उद्यमीहरुलाई सिप विकाश तालिम सञ्चालन गर्न आवश्यक पर्ने प्रशिक्षकको सुचि निर्माण गरि छनौट गर्नु पर्ने भएकाले सम्वन्धित विषयको प्रशिक्षकले समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेको व्यक्तिले यो सुचना प्रकाशन भएको ७ सात दिनभित्र यस कार्यालयमा विवरण पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

**क. योग्यता –**

१. कम्तिमा १ वर्ष प्रशिक्षकको रुपमा काम गरेको
२. तालिम सञ्चालन गर्न आवाश्यक योग्यता भएको –( मेडमोडेल संग सम्बन्धित काम गरेकोलाई प्राथमिकता दिइने )

**ख. आवश्यक कागजात –**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक प्रमाण पत्र प्रमाणित प्रतिलिपी
३. अनुभव प्रमाणित गर्ने कागजातका प्रमाणित प्रतिलिपी
४. तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी
५. योग्यता पुष्टी गर्ने आवश्यक कागजात

**ग. तालिमको किसिम –**

क. ढाका कपडा बुन्ने सम्बन्धी तालिम १५ जना लाई समय ४५ दिन
ख. कपडा सिलाइ कटाई सम्बन्धी तालिम १५ जनालाई समय ४५ दिन
ग. दुध जन्य साम्रगी उत्पादन सम्बन्धी १० जनालाई ७ दिन
घ. कुखुरा पालन सम्वन्धी तालिम २५ जनालाई ७ दिन
ङ. सिमेन्ट वल्क निर्माण र प्रयोग सम्बन्धी तालिम १० जनालाई ७ दिन

**घ. द्रष्टव्य .**

१. सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येवाट आवश्यक परेको बखतमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा मात्र खटाउन सक्ने छ।
२. सूचि निर्माण गर्नलाई यस गाउँपालिकामा पर्न आएका दर्खास्त उपर छानविन गरि प्रशिक्षकको छनौट गरिनेछ।
३. रित नपुगेका विवरण उपर कुनै कारवाही हुने छैन ।
४. सुचिमा नाम समावेश गर्ने नगर्ने अन्तिम अधिकार यस कार्यालयमा मात्र निहित हुनेछ।
५. तालिमका लागि आवाश्यक रकम सम्झौता बमोजिम हुनेछ।
६. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।
७. चुलाचुली गाँउपालिका भित्रका व्यक्तिलाई विशेष ग्राहायता दिइनेछ
८. अन्य जानकारी आवश्यक भएमा यस गाउँपालिकाको सहकारी तथा संघ–संस्था शाखामा सम्पर्क गर्न अनुरोध गरिन्छ।

उत्सव कट्टेल
सहकारी तथा संघ संस्था शाखा